**आकाशवाणी समाचार- नेपाली**

मितिः ०३ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- अमरीकाका राष्ट्रपति डनॉल्ड ट्रंपको साथ बातचीत पछि सोशल मीडिया पोस्टमा प्रधानमंत्री नरेन्द्र मोदीले अब मेड इन इंडिया उत्पादहरुमा अमरीकाको टेरिफ घटेर 18 प्रतिशत हुनेछ भनि घोषणा गर्नु भएको छ ।

- विदेश मंत्री डॉ. एस. जयशंकर, सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णव, वाणिज्य एवं उद्योग मंत्री पीयूष गोयलले प्रधानमंत्री नरेंद्र मोदी र अमरीकी राष्ट्रपति डोनाल्ड ट्रम्प बीच भएको बातचीत पछि द्विपक्षीय व्यापारमा भएको घोषणाहरुको स्वागत गर्नु भएको छ।

- भारतीय जनता पार्टी (भाजपा) ले पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले नयाँ दिल्लीमा मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारसँग गरेको भेटको आलोचना गरेको छ।

- केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले यस वर्षको बजेटमा रेलवेका लागि २ लाख ९३ हजार करोड रुपिया बजेट विनियोजन गरेकी छन्।

- महिला प्रिमियर लिग क्रिकेटमा आज वडोदरामा गुजरात जायन्ट्स र दिल्ली क्यापिटल्स बीच भिडन्त हुनेछ।मैच साँझ 7 बजेर 30 मिनटमा हुनेछ।

**<u>पीएम मोदी - अमरीका राष्ट्रपति</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नु भएको छ कि अब मेड इन इंडिया उत्पादहरुमा अमरीकाको टेरिफ घटेर 18 प्रतिशत हुनेछ। उहाँले अमरीकाका राष्ट्रपति डनॉल्ड ट्रंपको साथ बातचीत पछि सोशल मीडिया पोस्टमा यो घोषणा गर्नु भयो।प्रधानमन्त्री मोदीले आफ्ना प्रिय मित्र राष्ट्रपति ट्रम्पसँग कुरा गर्न पाउँदा खुसी लागेको बताउनु भयो । उहाँले भन्नुभयो, जब विश्वका दुई ठूला अर्थतन्त्र र दुई ठूला लोकतन्त्रहरू मिलेर काम गर्छन्, यसले जनतालाई फाइदा पुर् याउँछ र पारस्परिक लाभकारी सहयोगका लागि अपार अवसरहरू सिर्जना गर्दछ। प्रधानमन्त्री मोदीले यस घोषणाका लागि भारतका १ अर्ब ४० करोड जनताका तर्फबाट राष्ट्रपति ट्रम्पप्रति आभार व्यक्त गर्नु भयो ।

प्रधानमन्त्री मोदीले विश्व शान्ति, स्थिरता र समृद्धिका लागि राष्ट्रपति ट्रम्पको नेतृत्व महत्वपूर्ण रहेको बताउनु भयो। उहाँले ट्रम्पको शान्ति प्रयासको भारतको पूर्ण समर्थन रहेको बताउनु भयो । प्रधानमन्त्री मोदीले द्विपक्षीय साझेदारीलाई अभूतपूर्व उचाइमा पु¥याउन राष्ट्रपति ट्रम्पसँग सहकार्य गर्न आफू उत्सुक रहेको बताउनु भयो ।

**<u>जयशंकर - व्यापार समझौता</u>**

विदेश मंत्री डॉ. एस. जयशंकरले प्रधानमंत्री नरेंद्र मोदी र अमरीकी राष्ट्रपति डोनाल्ड ट्रम्प बीच भएको बातचीत पछि द्विपक्षीय व्यापारमा भएको घोषणाहरुको स्वागत गर्नु भएको छ। सोशल मीडिया पोस्टमा डॉ. जयशंकरले भन्नु भयो कि यसले दुवै देशहरुको अर्थव्यवस्थाहरुमा रोजगारको अवसर बढ्नेछ , विकासलाई गति मिल्नेछ तथा नवाचारलाई बढ़ावा मिल्नेछ। उहाँले भन्नु भयो कि यसले 'मेक इन इंडिया' प्रयासहरुलाई मजबूती मिल्नेछ र विश्वसनीय तकनीकी संबंधहरुलाई प्रोत्साहन मिल्नेछ।उहाँले विश्वास व्यक्त गर्नुभयो कि यसले भारत-अमेरिका आर्थिक सहयोगको अपार सम्भावनाबाट लाभ उठाउनेछ।

जयशंकरले भन्नु भयो , "बलियो आर्थिक सम्बन्ध भारत-अमेरिका रणनीतिक साझेदारीको सबैभन्दा बलियो आधार हो |

**पीयूष - व्यापार समझौता**

वाणिज्य एवं उद्योग मंत्री पीयूष गोयलले ऐतिहासिक व्यापार समझौतामा प्रधानमंत्री नरेंद्र मोदी, अमरीकी राष्ट्रपति डोनाल्ड ट्रंप तथा दुवै देशहरुको मानिसहरुलाई बधाई दिनु भएको छ। श्री गोयलले भन्नुभयो, व्यापार सम्झौताले साझा समृद्धिका लागि दुई समान विचारधारा भएका र निष्पक्ष व्यापार लोकतन्त्रहरूको शक्ति देखाउद्छ |
उहाँले भन्नु भयो , 'यो सम्झौताले किसान, साना र मझौला उद्यमहरू, उद्यमी र कुशल कामदारहरूका लागि 'मेक इन इन्डिया', 'डिजाइन इन इन्डिया' र 'इनोभेट इन इन्डिया' मार्फत विश्वका लागि अभूतपूर्व अवसरहरू खोलेको छ। उहाँले अघि भन्नु भयो यसले भारतलाई अमेरिकाबाट प्रविधि ल्याउन सहयोग मिल्नेछ |

**वैष्णव - भारत-अमेरिका**

सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले भारत-अमेरिका व्यापार सम्झौतालाई पारस्परिक लाभको सम्झौताको रूपमा वर्णन गर्नु भएको छ। सामाजिक सञ्जालमा श्री वैष्णवले भन्नु भयो कि यस सम्झौताले दुवै देशका नागरिक र उद्योगलाई व्यापक रुपमा फाइदा पुग्नेछ । उहाँले भन्नुभयो, अमेरिका र भारत विश्वको सबैभन्दा ठूलो लोकतन्त्र हुन् र यी दुई देशहरू स्वाभाविक सहयोगी हुन्। उहाँले भन्नुभयो, भारत र संयुक्त राज्य अमेरिकामा शान्ति र विकासका लागि मिलेर काम गर्ने अपार सम्भावना छ। उहाँले अघि भन्नु भयो कि अमेरिका र भारतको शक्ति एक अर्काको पूरक हो र उनीहरूले मिलेर प्रविधिहरू सिर्जना गर्न सक्छन् र समाधानहरू विकास गर्न सक्दछन् जसले विश्वलाई फाइदा पुर् याउँनेछ। उहाँले अमेरिका र भारतबीचको व्यापार सम्झौताले दुवै देशको उज्ज्वल भविष्यको नेतृत्व गर्ने विश्वास व्यक्त गर्नुभयो।

**भारतीय जनता पार्टी**

(भाजपा)ले मणिपुरमा विधायक दलको नेताको रूपमा चयन गर्न राष्ट्रिय सचिव तरुण चुघलाई केन्द्रीय पर्यवेक्षकको रूपमा नियुक्त गरेको छ। यो नियुक्ति भाजपा संसदीय बोर्डले गरेको थियो।

**भारत राजदूत - व्यापार समझौता**

अमेरिकामा भारतीय राजदूत विनय मोहन क्वात्राले भारत–अमेरिका व्यापार सम्झौता प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा भएको रणनीतिक साझेदारीको ठूलो विजय भएको बताउनु भएको छ । भारतीय राजदूत क्वात्राले सामाजिक सञ्जालमा लेख्नु भएको कि व्यापार सम्झौताले दुई देशका अर्थव्यवस्था र जनताका लागि ठूलो अवसरहरू सिर्जना गर्नेछ।

**भाजपा-ममता**

भारतीय जनता पार्टी (भाजपा) ले पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले नयाँ दिल्लीमा मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारसँग गरेको भेटको आलोचना गरेको छ। पार्टीका प्रदेश अध्यक्ष शमिक भट्टाचार्यले सामाजिक सञ्जालमा पोस्ट गर्नु हुदै भन्नु भयो १२ राज्यमा विशेष गहन पुनरिक्षण–एसआईआरको प्रक्रिया चलिरहेको तर अन्य कुनै मुख्यमन्त्रीले निर्वाचन आयुक्तलाई भेटेका छैनन्। भट्टाचार्यले ममता बनर्जीलाई डर लागेको बताउनु भयो । भाजपाले ममता बनर्जीको आरोपलाई पनि खारेज गर्यो कि दिल्ली पुलिसले बंगभवनलाई घेरा हालेको थियो र आफ्नो अधिकार क्षेत्र बाहिर छापा मारेको थियो। विपक्षी दलका नेता सुवेन्दु अधिकारीले हिजो कोलकातामा संवाददाताहरूलाई भन्नुभयो, दिल्ली पुलिसको कारबाही पर्याप्त सूचनामा आधारित थियो।

**रेलवे बजट-गोवा**

केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले यस वर्षको बजेटमा रेलवेका लागि २ लाख ९३ हजार करोड रुपिया बजेट विनियोजन गरेकी छन्। यसका लागि कुल २ लाख ७८ हजार करोड रुपैयाँ खर्च हुने स्वीकृत गरिएको छ। रेल मन्त्री अश्विनी

वैष्णव र रेल राज्य मन्त्री रवनीत सिंह बिट्टूले भर्चुअल प्रेस कन्फ्रेन्समा यो विवरण साझा गर्नु भयो। रेल मन्त्री अश्विनी वैष्णवले गोवामा रेल परियोजनाका लागि ५१५ करोड रुपिया विनियोजन गरिएको बताउनु भएको छ । उहाँले देशमा कनेक्टिभिटी विस्तार गर्न सरकारले सातवटा नयाँ हाई-स्पीड रेलवे कोरिडोरको विकास गर्ने योजना बनाइरहेको बताउनु भएको छ। यसको उदेश्य रेल नेटवर्कलाई सात हजार किलोमिटरसम्म विस्तार गर्न रहेको छ।श्री वैष्णवले भन्नु भयो कि महाराष्ट्र, गोवा, कर्नाटक र केरला हुँदै जाने कोङ्कण रेलवे एक महत्त्वपूर्ण कोरिडोर बनेको छ, जसको धेरै स्तरोन्नति प्रस्तावहरू हाल विचाराधीन रहेका छन्। यी प्रस्तावहरूलाई अन्तिम रूप दिइसकेपछि कोङ्कण रेलवेको जीर्णोद्धारका लागि कुल अनुमानित खर्च जारी गरिने उहाँले बताउनु भयो।

## रेल-राज्यवार बजट

रेल मन्त्री अश्विनी वैष्णवले यस वर्षको केन्द्रीय बजेटमा रेलवेका लागि रेकर्ड २ लाख ७८ करोड भारुको बजेट छुट्याइएको बताउनु भएको छ। बजेटको राज्यवार विनियोजनको बारेमा श्री वैष्णवले भन्नुभयो, असम र पूर्वोत्तर राज्यहरूका लागि ११,४८६ करोड रूपैयाँको बजेट छुट्याइएको छ|उहाँले भन्नु भयो कि पश्चिम बंगालका लागि १४ हजार करोड, महाराष्ट्रका लागि २४ हजार करोड, उत्तर प्रदेशका लागि २० हजार करोड र दिल्लीका लागि २ हजार ७११ करोड भारु विनियोजन गरिएको छ। श्री वैष्णवले भन्नु भयो कि तमिलनाडुले 7,611 करोड रूपैयाँको रेकर्ड रेल बजेट प्राप्त गरेको छ। उहाँले तमिलनाडुमा दुई नयाँ बुलेट ट्रेन कोरिडोर सुरु गरिने पनि जानकारी दिनु भयो। रेलमन्त्रीले भन्नु भयो कि केन्द्रीय बजेटमा केरलाका लागि ३,७९५ करोड भारुको प्रावधान गरिएको छ।

श्री वैष्णवले बताउनु भयो कि केन्द्र सरकारले पूर्वोत्तर र शेष भारतलाई जोड्ने 40 किलोमिटर लामो रणनीतिक मार्गमा भूमिगत रेलवे ट्र्याक बिछयाउने योजना बनाएको छ।

## गोवा पुस्तक महोत्सव 2026

नेशनल बुक ट्रस्टले गोवा सरकार र समर्थ युथ फाउन्डेसनको सहकार्यमा आधिकारिक रूपमा गोवा पुस्तक महोत्सव २०२६ को घोषणा गरेको छ। नेशनल बुक ट्रष्टका निर्देशक युवराज मलिक र लोकमान्य सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष किरण ठाकुरले आगामी साहित्य महोत्सवको बारेमा विस्तृत जानकारी दिनु भयो। महोत्सवको उद्धाटन मुख्यमन्त्री डा. प्रमोद सावन्तले गर्नु हुनेछ जसमा १०० भन्दा बढी प्रकाशकका २०० भन्दा बढी स्टलहरूको भव्य साहित्यिक प्रदर्शनी हुनेछ। महोत्सवमा सचिन पिलगाउँकर, मृणाल कुलकर्णी र आचार्य प्रशान्तजस्ता प्रख्यात वक्ताहरू पनि सहभागी हुनेछन्।

## रबी फसल - आंकड़े

पछिल्लो महिनाको 30 तारिखसम्म देशभरि 676 लाख हेक्टरभन्दा बढी रबी बाली रोपिएको छ। कृषि तथा किसान कल्याण मन्त्रालयले गत वर्षको तुलनामा यस वर्षको रबी रोपाईमा राम्रो वृद्धि भएको र कुल क्षेत्रफल १५ लाख हेक्टर बढी भएको जानकारी दिएको छ। ३३५ लाख हेक्टरमा गहुँ र ४५ लाख हेक्टरमा धानखेती भएको छ।
यस वर्ष दलहनको रोपाई पनि बढेर १३९ लाख हेक्टरमा पुगेको छ। गत वर्षको सोही अवधिमा १३४ लाख हेक्टरमा दलहन रोपिएको थियो।

कृषि तथा किसान कल्याण विभागको प्रगति प्रतिवेदनअनुसार करिब ६१ लाख हेक्टर क्षेत्रफलमा श्री अन्न र मोटो अन्नको रोपनी गरिएको छ। तिलहनको क्षेत्रफल ९७ लाख हेक्टर नाघेको छ।

## काबाक यानो - माउन्ट अकोन्कागुआ

भारतीय पर्वतारोही काबाक यानोले अर्जेन्टिनाको माउन्ट एकोन्कागुवाको सफल आरोहण गरेका छन्। यो दक्षिण अमेरिकाको सबैभन्दा अग्लो शिखर हो। कबाक यानो अरुणाचल प्रदेशका हुन्। माउन्ट एकोन्कागुआ समुन्द्री

सतहबाट २२ हजार ८ सय ३१ फिटको उचाइमा अवस्थित छ । यानोको यो उल्लेखनीय उपलब्धि सहनशीलता, साहस र दृढताको असाधारण यात्रामा अर्को कोसेढुंगा हो।अरुणाचल प्रदेशका गवर्नर लेफ्टिनेंट जनरल (सेवानिवृत्त) के.टि परनाइकले २७ वर्षीय काबाक यानोलाई उनको उत्कृष्ट पर्वतारोहण उपलब्धिको लागि बधाई दिनु भयो । राज्यपालले उनको अदम्य साहस र अटुट ध्यानको प्रशंसा गर्दै भन्नुभयो, यानोको भ्रमण केवल उनको व्यक्तिगत विजय मात्र होइन तर अरुणाचल प्रदेशका युवाहरूका लागि प्रेरणाको एक शक्तिशाली स्रोत पनि हो। गत वर्ष जुलाई २८ मा गभर्नर पारनाइकले खेलकुद र युवा मामिला राज्यमन्त्री केन्टो जिन्नीको उपस्थितिमा औपचारिक रूपमा मेन्यानोको सात-शिखर पर्वतारोहण अभियानको औपचारिक झण्डा देखाउनु भएको थियो । उहाले आफ्नो चुनौतीपूर्ण विश्वव्यापी मिसनका लागि शुभकामना पनि व्यक्त गर्नु भयो।

**क्रिकेट - डबल्यूपीएल**

महिला प्रिमियर लिग क्रिकेटमा आज वडोदरामा गुजरात जायन्ट्स र दिल्ली क्यापिटल्स भिड्नेछन्। खेल साँझ साढे सात बजे हुनेछ । यस खेलको विजेताले बिहीबार हुने फाइनलमा रोयल च्यालेन्जर्स बैंगलोरसँग खेल्नेछ।स्मृति मंधानाको कप्तानीमा रहेको आरसीबीले लिगको शीर्ष स्थानमा रहँदै यसअघि नै फाइनलमा स्थान बनाइसकेको छ ।